**प्रस्ताव नं.१:** आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

**निर्णय नं.१.** प्रस्तुत प्रस्तावमाथि छलफल हुँदा नगरपालिकाद्वारा तयार गरि नगर उप प्रमुख द्वारा पेश तपसिल अनुसारको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम र बजेटलाई सर्बसम्बत स्वीकृत गर्दै पारीतको लागि नगर सभामा सिफारिस सहित पठाउने निर्णय गरियो ।

## कृष्णनगर नगरपालिका,कपिलवस्तु

### आ.ब २०७९/२०८० का प्रस्तावित नीति तथा कार्यक्रम र बजेट

सम्मानित यस नगरसभाका सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

तथा अन्य अधिकृतज्यूहरु, संचारकर्मी ज्यूहरु,

राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ।

भरखरै सम्पन्न भएको स्थानीय तहको निर्वाचन पछि निर्वाचित भई आउनु भएका सवै सभाका सदस्यहरुलाई बधाई तथा सफल कार्यकालको कामना छ। बिगत पाच बर्षे कार्यकाल सफल गरी पुन : म यस नगर सभाको अध्यक्षता गरी यस गौरवमय सभामा निती तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा पूर्ण गौरवान्धित ठानेको छु ।

नेपाली जनताको लामो त्याग, बलिदानी संर्घषको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित कृष्णनगर नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

विश्व नै कोभिड-१९ (कोरोना भाइरस) महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थावाट छुटकाराको अन्त्यतिरको यस अवस्थामा आज यस नगर सभालाई सम्बोधन गर्दैछु ।

ऐतिहासिक संबिधान सभाबाट जारी भएको नेपालको संबिधान अनुसार स्थापित स्थानीय तह र नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्रमा नेपाललाई उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाई गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। वहाँहरु सबैको योगदानको स्मरण गर्दछु ।

गत बर्षको असार १० गते यस्तै सम्मानित नगर सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई टेकेर आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र

कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरिएको थियो । सोही अनुसार कामहरु भइरहेको छ र परिणाम आउने क्रम जारी पनि छ ।

कृष्णनगर नगरपालिका लोकतन्त्रका आधारभुत मूल्य, मान्यता, बहुलवादी खुल्ला समाज, मानवअधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्णप्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नागरिकले प्राप्त गरुन् भन्नेमा हामीहरु अत्यन्तै सचेत छौं ।

सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक ढङ्गले विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ संकल्पित रहेको छ । हामीहरु योजनाबद्ध रुपमा नगर सरकारको पञ्चवर्षिय योजनाको दीर्घकालीन सोँच **"कृष्णनगर नगरपालिकाको प्रतिबद्धता सुशासन, स्वस्थ समृद्ध र खुसी जनता"** मुल नारामा अभिप्रेरित रही प्राथमिकताका साथ नगरको सर्वाङ्गिण विकास प्रति प्रतिबद्ध छौं । हामी मालिक होइनौं जनताका सेवक हौं भन्ने मान्यतालाई मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं ।

कोभिड-१९ ले हाम्रो नगरको मात्र नभई मुलुककै अर्थ व्यवस्था माथि गम्भिर धक्का पुर्‍याएको छ । गरिबी र बेरोजगारी बढ्दै गएको, व्यापार व्यवसाय, उद्योग धन्दा, कलकारखाना र विकासका गतिविधिहरु ठप्प प्रायः छन् । यस विषम घडीमा नगर सरकारका पञ्चवर्षिय योजना प्राप्तिमा ठूलो व्यवधान खडा भएको छ । यद्यपी हालसम्म यसबाट नगरबासीलाई पर्न गएको अकल्पनीय व्यवधानको सम्बोधन नगरसरकारको तर्फबाट निरन्तर रुपमा हुने नै छ । यति बेला आम नागरिकबीच ऐक्यबद्धता, सहकार्य, आत्मविश्वास र धैर्यताको ठूलो खाँचो रहेको छ ।

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको लक्ष्य **"स्वस्थ, समृद्ध सुशासन, नगर : खुसी नगरवासी"** रहेको छ । स्थानीय सरकारको विकास प्रयासमा संघीय सरकार, प्रदेश सरकार र दातृ संस्थाहरुको साझेदारी र सद्‌भाव बृद्धि भएको छ ।

स्थानीय सरकारका लक्ष्य प्राप्तिमा जनप्रतिनिधिहरुको भूमिका नीति निर्माणकर्ता विकास निर्माणको अगुवाईकर्ता अनुगमनकर्ता र नागरिकको सुख दुखमा साथ दिन घर घरमा पुगी नागरिकका चाहना र भावना अनुसारका सेवा सुविधा र आवश्यकताको व्यवस्थापनमा अनवरत रुपमा खटिएर जनविश्वास बढी रहेको छ ।

नगरको सरसफाई र सौन्दर्यता प्रवर्द्धन कार्यक्रमको श्रृंखला राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिको अगुवाईमा संचालनमा आई परिवर्तन प्रतिको अभिलाषा जागृत भएको छ । यस्ता कार्यक्रमको सफलता नगरबासीको सहभागिमा मात्र सफल हुने र उहाँहरुमा नगरसरकार प्रतिको अपनत्व जागृत गराउने हामी सबैको प्रमुख दायित्व हो ।

सबै वडा कार्यालयहरु अलग अलग रुपमा संचालित रहेका छन् । अगामी आर्थिक वर्ष २०७९/०८० देखि सबै वडा कार्यालयले आफ्नै भवनबाट सेवा प्रवाह गर्ने र यस नगर कार्यपालिकाको कार्यालयले पूर्णरुपमा आफ्नै नयाँ भवनबाट नगरवासीलाई प्राय : सबै सेवा प्रवाह गर्ने गरी तयार भईसकेको छ ।

हाल सम्मको हाम्रो कार्यकाल उत्साहपूर्ण र उपलब्धीमूलक रहेको छ । हरेक दिन नयाँ सोच र जागरका साथ नयाँ काम गर्ने शैलीले स्थानीय सरकारप्रति नगरवासीहरुमा आशा र उत्साहको संचार भएको छ । सबै वडा कार्यालयहरु सबलीकरण हुने चरणमा छन । यसर्थ हाम्रो कार्यकाल समृद्ध कृष्णनगरको आधार निर्माण गर्ने उच्च महत्वका साथ अनवरत रुपमा नगरवासीको सेवामा तत्पर छ ।

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु :**

स्थानीय सरकार सबैसंग सहकार्य र समन्वय गर्दै सहअस्तित्वको मूल्य र मान्यताका आधारमा समृद्धि तर्फ लम्कदै छ । यस अभियानमा म सबै सरोकारवालाहरुको साथ र सहकार्यको लागि अनुरोध समेत गर्दछु ।

विकासको कोशे ढुंगोको रुपमा रहेका यस नगरका हालसम्मका उपलब्धिको आधार, नेपाल संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र सान्दर्भिक अन्य ऐन नियम नीति कानून, सहस्राब्दी विकास लक्ष्य, पञ्चवर्षिय योजनाका साथै हामीले जनता समक्ष गरेका प्रतिबद्धताहरुलाई केन्द्रमा राखी यस स्थानीय सरकारको तर्फबाट मैले अगामी आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम “स्वस्थ, समृद्ध ,सुशासन, र खुसी जनता” को अकाङ्क्षा पूरा गर्ने दिशा तर्फ केन्द्रित छ ।

अब मैले यस नगर सभामा आ.ब.२०७९।०८० मा प्राथमिकताका आधारमा क्षेत्रगत बिकासका लक्ष्य तथा बजेट बिनियोजन समेत अनुमानको प्रस्तुत गर्न चाहान्छु ।

## आ.व. २०७९/०८० को नीति तथा कार्यकम र बजेट

### (क) सार्वजनिक सेवा प्रवाह, सुशासन र क्षमता विकास

१. संस्थागत संरचना तथा मानव संशाधनको समुचित व्यवस्थापन र परिचालन गरी सुशासन कायम गरिने छ। नगरपालिकालाई पूर्ण सूचना प्रविधि मैत्री बनाउन थप प्राविधिक जनशक्तिको व्यवस्थापन गरी सबै वडा कार्यालयलाई अनलाइन मार्फत परिचालित हुने व्यवस्था मिलाइनेछ ।

२.सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड बनाइ लागू गरिनेछ । पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णत : लागू गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

३.नगरपालिकामा गुनासो सुनुवाई संयन्त्र एवं नागरिक वडापत्रको व्यवस्थाको कार्यन्वयन प्रभावकारी बनाइनेछ ।

४.सार्वजनिक खरिद ऐन र आर्थिक कार्यविधि बमोजिम मात्र वस्तु तथा सेवा खरिद गरिनेछ। लक्षित वर्गका कार्यक्रमहरुलाई गरिबी निवारण र रोजगारमूलक बनाउन प्राथमिकता दिइनेछ ।

५.नयाँ प्रशासनिक भवनमा आवश्यक पूर्वाधार तथा स्रोत सामग्रीको व्यवस्थापन गरी जनमुखी प्रशासन मार्फत सार्वजनिक सेवा प्रवाह छिटो छरितो र नागरिक मैत्री बनाइनेछ ।

६.स्थानीय सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाइनेछ साथै पदाधिकारी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक सबैबाट तोकिए कै समयमा तोकिएको काम शुरु गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

७.नगरपालिका मौज्दातका धेरै कर्मचारी सरुवा बढुवा भई गएको देखिन्छ। कर्मचारी प्रशासनमा दण्ड र प्रोत्साहनको र कार्य सम्पादनका आधार लिई प्रोत्साहन र अन्य भत्ता व्यवस्था गरिने छ। कार्यालय सन्चालन तथा प्रशासनिक खर्च सन्चालनमा मितव्ययीता कायम राखी कर्मचारी तलब भत्ता  कार्यालय सन्चालन तथा पदाधिकारीको सेवा सुबिधा समाहित गरी बजेट प्रस्ताव गरिने छ ।

८.आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने कार्यमा संलग्न हुने कर्मचारीलाई कार्यवाही गरिनेछ । राम्रो काम गर्नेलाई पुरस्कृत गरिने र काम नगर्ने एवं गैरकानूनी काम गर्नेलाई दण्डीत हुने विधिलाई कार्यान्वयनमा ल्याइनेछ । कर्मचारी प्रशासनमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । साथै अतिरिक्त समय र काममा अनवरत खटिने राष्ट्र सेवकलाई थप सेवा सुविधा दिन कन्जुस्याई समेतगरिने छैन ।

९.नगरपालिकाका सम्पत्तीको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गर्ने नितिलाई निरन्तरता दिइनेछ। नगरपालिकाले उठाउने सबै प्रकारका करहरु वडा कार्यालयबाटै प्रविधिको उपयोग गरी सफ्टववेयर मार्फत संकलन गर्ने व्यवस्था अविलम्ब मिलाइनेछ ।

१०.जनप्रतिनिधि, कर्मचारी र सामुदायिक संस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु तथा अध्ययन अवलोकनको व्यवस्था मिलाईनेछ । नगरपालिकाको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कर्मचारीहरुका समस्याहरुको सुक्ष्म रुपमा अध्यन गरी समस्या समाधानका उपयुक्त माध्यमहरु अपनाई उत्प्रेरणाका माध्यमबाट कामले कर्मचारी नभै कर्मचारीले काम खोज्ने वातावरणको सिर्जना गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

११.नगरपालिका तथा अन्तर्गत कार्यालयहरुको संगठन संरचना बमोजिम कर्मचारी नियुक्ति प्रक्रियालाई नियमानुसार अगाडि बढाउदै सेवा प्रभाहलाई सहज बनाउदै लगिनेछ ।

१२.नगरपालिकाबाट हुनु पर्ने सबै अनुगमन प्रणालिलाई सुदृढ बानाउदै लगिनेछ ।

१३.नगरपालिकाको कामलाई पारदर्शी एवं जवाफदेहिताका बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ ।

१४.कर्मचारीहरुलाई उनीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न आवश्यक मापदण्ड बनाइ तालिम तथा योगदानमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

१५नगरमा दातृ निकायका कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१६.नगरभित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि प्राथमिकता दिइनेछ ।

१७.बिगतमा नगरपालिकाबाट तयार गरिएका नगर बस्तुचित्र, आवधिक योजना, नगर यातायात गुरु योजनाहरुलाई अध्यावधिक गर्ने अगाडि बढाइनेछ|

१८.नगरपालिका भित्र वडा नं.१,२,४,८ र ९ मा रहेको बहाल बिटौरी घर जग्गालाई लालपुर्जा उपलब्ध गराउनको लागि सम्बन्धित निकाय संग समन्यव गरिनेछ|

१९.नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयबाट प्रदन गरिने सेवाहरुलाई प्रविधि मैत्री बनाइने छ|

## (ख) सामाजिक विकास :

### सामाजिक समावेशीकरण :

१.महिला,बालबालिका,अपाङ्ग,दलित आदिवासी,जनजाती, लोपन्मुख जेष्ठ नागरिक, युवा वर्गको सशक्तीकरण गर्न,संरक्षण गर्न, अवसर प्रदान गर्न र सामाजिक समावेशिता कायम गर्ने तर्फ विशेष जोड दिइनेछ ।

२.आगामी वर्ष सबै प्रायः वडाहरुमा टोल विकास संस्था गठन गरी सबै नगरबासीहरुलाई विकासमा पहुँचको सुनिश्चितताको पहल गरिनेछ ।

३.सामाजिक कुरीति, कुसंस्कार अन्त्य गर्न नगरपालिकाको नेतृत्वमा बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४.दिगो विकासका लक्ष्यहरुलाई मध्येनजर गर्दै कार्यक्रम अगाडि बढाउने नीति लिइनेछ ।

### शिक्षा :

१.विद्यालयहरुको शैक्षिक विकास तथा पूर्वाधार निर्माणमा सहयोग गर्दै शैक्षिक कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।

२.बाल मैत्री शिक्षण विधिलाई प्रोत्साहन गरिनेछ ।

३.विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत विद्यालयको सरसफाई, भौतिक तथा वातावरण, जोखिम न्यूनीकरण, स्वस्थ र सूरक्षित बनाउने तर्फ विषेश ध्यान दिइनेछ ।

४.शिक्षाको गूणस्तर सूधारमा जोड दिइनेछ साथै नयाँ विद्यालय खोल्ने सम्बन्धमा कडाइ गरी मौजुदा विद्यालयहरुको गुणस्तर बृद्धिको लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

५.नगरपालिका भित्र शैक्षिक गुणस्तर विकास गर्न बालबालिकाको सिकाईलाई प्रभावकारी बनाउनको लागि E-Learining Education Profile को विकासको लागि आवश्यक प्रबन्ध गरिनेछ |

६.विद्यालयको शिक्षाको अवस्था र विद्यार्थीहरुको शैक्षिक क्रियाकलापलाई व्यवस्थित गर्न नगरपालिका र विद्यालयबीच समन्वय गर्ने प्रणालीको विकास गरिनेछ |

७.बिद्यालय बाहिर रहेका तथा बिचैमा विद्यालय छोडेका बालबालिकाहरुलाई बिद्यालयमा ल्याउने कार्यक्रम संघ संस्थासंग समन्वय गरी अगाडि बढाइने छ |

**स्वास्थ्य :**

१.यस नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यको लागि बजेट व्यवस्था गरी सेवा गूणस्तर तथा सुधारमा जोड दिइनेछ ।

२.सवै वडाका स्वास्थ्य संस्थामा बर्थिङ सेण्टर कमश स्थापना गर्ने नीति अवलम्वन गर्दै लगिने छ ।

३.घरमा हुने प्रशुतीलाई शून्यमा पुर्याउने लक्ष्य राखी स्वयमं सेविकाहरुलाई थप यातायात सुविधा प्रदान गरी अभियान संचालन गरीने छ ।

४..केही स्वास्थ्य संस्थामा निशूल्क उपलव्ध गराउनु पर्ने औषधी तथा सेवालाई गुणस्तरीय बनाउनको लागि थप आर्थिक सहायता उपलव्ध गराईने छ ।

५.बहू क्षेत्रीय पोषण योजना कार्यक्रमको माध्यमबाट गर्भवती तथा सूत्केरी महिला तथा १००० दिनसम्मका बाल वालिकाको लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

६.वालवालिकाको पोषण अवस्थालाई सूधार गर्नको लागि संघ संस्थासंग साझेदारी गर्दै जनचेतना कार्यकम संचालन गरिने छ ।

७.नगरभित्रका सबै स्वास्थ्य चौकीबाट अनलाइन रिपार्टिङ गर्ने व्यवस्था मिलाइनेछ ।

८.स्वस्थ्य क्षेत्रमा सरकारको सहभागिता रहेको स्वस्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न तथा जटिल स्वस्थ्य उपचारमा नगरपालिकाले सहयोग गर्नको लागि आवश्यक बजेटको व्यवस्था तथा पहल गरिनेछ |

## महिला बालबालिका तथा सामाजिक न्याय:

१.महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन गरिनेछ ।

२ एकल महिलालाई लक्षित रोजगारी कार्यक्रम मार्फत महिला उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

३ विद्यालय पहुँच बाहिर रहेका किशोरीहरु लक्षित शैक्षिक कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

४ लैंगिक समानता, महिला सशक्तीकरण, लैंगिक हिंसा निवारण, बाल विवाह तथा बालश्रम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५.लैङ्गीक हिंसा,मानव वेच विखन तथा लागूपदार्थ,ओसार पसार,दुरव्यसन र विकृति,विसंगति न्यूनीकरणका लागि जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

६.बालबालिकाको बचाउ, विकास संरक्षण तथा बालअधिकार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ|

## ज्येष्ठ नागरिक र अपाङ्ता:

१.ज्येष्ठ नागरिकको संरक्षण गर्न निशुल्क स्वास्थ्य परीक्षण, निशुल्क शिविर तथा सम्मानका कार्यक्रम गरिनेछ ।

२.अपाङगता भएका व्यक्तिको पहिचान गरी शिक्षा, स्वास्थ्य र रोजगारका क्षेत्रमा समावेश गर्ने गरी सहुलियत तथा निशुल्क सेवा प्रदान गरिनेछ ।

## दलित/आदिवासी जनजाती/लोपन्मुख/अल्प संख्याक/मदेशी मुस्लिम

१.दलित/आदिवासी जनजाती/लोपन्मुख/अल्प संख्याक/मदेशी मुस्लिम आदिको परम्परामा रहेका भाषा, भेषभुषा, संस्कृतिको जगेर्ना गरिनेछ|

२.दलित/आदिवासी जनजाती/लोपन्मुख/अल्प संख्याक/मदेशी मुस्लिमलाई सीप विकास तथा क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ|

३.सबै किसिमका जातीय भेदभावलाई न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरी जातीय भेदभाव मूक्त समाज निर्माण गर्न तर्फ उन्मुख गरिनेछ|

४.दलित/आदिवासी जनजाती/लोपन्मुख/अल्प संख्याक/मदेशी मुस्लिमलाई पालिकाबाट संचालित हुने कार्यक्रममा उचित सहभागितामा जोड दिइनेछ|

## युवा तथा खेलकुद :

१.यूवा वर्गलाई शिपमूलक, आय आर्जन, उद्यमशिल विकासका लागि कार्यक्रम संचालन गरिनेछ|

२.खेलकुद क्षेत्रको विकासमा युवालाई परिचालन गर्दै विभिन्न खेलकुद कार्यक्रम संचालन गरिने छ|

३.विभिन्न राष्ट्रिय अभियानको कार्यक्रम संचालनको लागि युवालाई परिचालन गरिने छ ।

४.राष्ट्रकालागि खेलकुद स्वास्थ्यका लागि खेलकुद नीति अनुरुप आवश्यक खेलकुद पुर्वाधार विकास कार्यक्रम तय गरिनेछ ।

५.प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ|

६.बैदेशिक रोजगारबाट फर्केका यूवाहरुलाई व्यवसाय प्रबर्धनको कार्यक्रम संचालन गरिनेछ|

७.बैदेशिक रोजगारीको लागि जाने यूवाहरुको लागि सूचना प्रणालीलाई थप व्यवस्थित गरिनेछ|

**ख) आर्थिक विकास तर्फ :**

१. कृषि जन्य वा पशु जन्य पकेट क्षेत्र विकास कार्यक्रम विस्तारको नीति अनुसार कार्यक्रम सञ्चालन गरिने छ ।

२. कृषक हरुलाई आत्मा निर्भर तथा निर्वाहमूखी बनाउनको लागि कृषिजन्य विउ विजन तथा उपकरण लागत सहभागितामा उपलब्ध गराउने नीति लिईनेछ ।

३.सामुहिक कृषि तथा पशु उत्पादन गर्ने व्यवसायिक समूह वा सहकारी प्रवर्द्धनको व्यवस्था मिलाइनेछ ।

४.प्राकृतिक रुपबाट गर्भाधान सम्भव हुन नसकेमा कृत्रिम गर्भाधान गराउने । पशु विमा तथा कृषि विमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ ।

५. साना सिंचाइको लागि केही नयाँ वोरिङ जडान कार्यलाई प्रोत्साहित गरिएको छ । साथै किसानहरुलाई अनुकुलन कृषि योजना समबन्धी जनचेतना जगाउने कार्यक्रम संचालन गरिने छ ।

६.व्यवसायिकरुपमा पशु तथा मत्स्य पालन गर्नेसमुह वा सहकारीलाई लागत सहभागितामा कार्यक्रम संचालन गरिनेछ|

७. लघु उद्यमशीलता प्रर्वद्धन गर्ने नीति अनुसार स्थानिय स्रोत साधनको उपयोग हुने गरी नयाँ उद्यमीहरुको लागि क्षमता विकास तथा स्तरोन्नति तालिम तथा कार्यक्रम संचालन गरिनेछ ।

८. नगरपालिका भित्रका वित्तीय संस्थाहरु तथा सहकारीहरुकको अभिलेखीकरण गरी आपसी समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

९.यस नगरपालिकाका पर्यटकीय स्थलहरुको संरक्षण तथा सम्वर्द्दनमा विषेश जोड दिदै प्रचार प्रसार गरिदै लगिनेछ ।

१०.महिलाहरुको सक्रिय सहभागितामा संचालनमा रहेका लघु उद्योगहरु, सहकारी र अन्य आय आर्जनका व्यवसायहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

## (ग) खानेपानी ,सरसफाई तथा स्वच्छता

१.सरसफाई र स्वच्छतालाई ध्यानमा राखी शहरी सुन्दरता बढाउन टोल विकास समिति ,आमा समूह, युवा क्लबहरुको अगुवाईमा कार्यक्रम सञ्चालन गरिने छ ।

२.फोहोरमैला व्यवस्थापन कार्यबिधि लागू गरी निजी क्षेत्रसंगको सहकार्यमा फोहोरमैला संकलन गरी दीर्घकालीन व्यस्थापन गरिनेछ । बाटोघाटो अतिक्रमण गरी सञ्चालनमा रहेका व्यवसायहरु, निमार्ण सामग्री र छाडा चौपायको व्यवस्थापन सशुल्क गरिने छ ।

३.नगरभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त ठाउँको पहिचान गरी ल्याण्डफिल्ड साइड निर्माण गर्ने काम अगाडि बढाइनेछ ।

४.नगर भित्र स्वच्छ, सफा तथा सुरक्षित खानेपानी व्यवस्थाको लागि कार्यक्रम संचालन गरिनेछ|

५.नगरवास योजनालाई अध्यावधिक गरिदै लगिनेछ|

## (ङ) भौतिक पूर्वाधार विकास र रोजगारी सृजना

१.नगरस्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ ।

२.नगरबासीको यातायातमा सहज पहुँच पुऱ्याउन तथा यातायात क्षेत्रको व्यवस्थापनका लागि बसपार्क निर्माण गर्न पहल गरिनेछ ।

३. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ ।

४.नगरभित्रका नगर सडकहरुमा कि.मि. पोष्ट तथा ट्राफिक संकेतका चिन्हहरु राखी यात्रालाई सुचना मुलक बनाइनेछ । साथै मुख्य सडकहरुमा सडक वत्ती जडान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५. विकासका कार्यमा हेभि इक्युपमेन्ट प्रयोग गर्नु परेमा नगरपालिकामा सूचिकृत र अनुमति प्राप्त भएका हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीति लिइनेछ । यस समबन्धमा

कार्यविधि बनाइ लागु गरिनेछ । ठूला अयोजना सञ्चालनमा हेभि इक्युपमेन्टको प्रयोग निरुत्साहित गरी स्थानीय रोजगारी सृजना गरिने राष्ट्रिय नीति अनुसरण गरिने छ ।

६. विश्वव्यापी महामारी कोविड–१९ ले रोजगारीमा पारेको असर न्यूनीकरण गर्न वैदेशिक रोजगारीबाट विस्थापित भएका युवा वर्गलाई प्रथमिकतासाथ स्थानीय रोजगारीमा खटाउने व्यवस्था मिलाइने छ ।

७. भवन निर्माण गर्दा भुकम्पिय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पूर्ण पालना गरिनेछ । पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गरिनेछ ।

८. नगर क्षेत्रभित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरीय बनाउन आवश्यक पहल गरिनेछ ।

९. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०.सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ ।

११.नगरपालिका क्षेत्र भित्र निर्माण भएका पुराना घरहरुको अभिलेखीकरण अनिवार्य गरिनेछ । साथै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाको अनिवार्य स्वीकृतीबाट मात्र गर्ने व्यवस्था गरिनेछ ।

१२.नगर सौन्दर्यकरणका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ । साथै पूर्वाधारका योजनाहरु बालमैत्री, वातावरण मैत्री, अपांगमैत्री बनाइनेछ ।

१३.सडक कालोपत्रे गर्दा सडकका प्रारम्भिक संरचानाहरु तयार गरी मात्र कालोपत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।

१४.नगर क्षेत्रभित्र सञ्चालनमा रहेका साप्ताहिक बजार र हार्ट बजार स्थलहरुलाई उचित पूर्वाधारको निर्माण गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

१५.दीर्घकालीन योजनाको आधारमा कृष्णनगर अन्तर्गतका नदिको बहुउपयोगका लागि पहल गरिनेछ ।

१६.नगर यातायात गुरुयोजना (MTMP) ले प्राथमिकीरण गरेका सडकलाई प्राथमिकताको आधारमा निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

१७.वडा नं १, २, ३, ८ र ९ भित्रका सम्पूर्ण बाटो र घर धुरीको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गरी स्मार्ट सिटी निर्माणको आधार तयार गरिनेटछ ।

१८.खानेपानीमा पहुँच नपुगेका घरधुरीको लगत संकलन गरी एक घर एक धारा लक्षित कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१९.नगर क्षेत्रका सबै बाटो ग्राभेल गर्ने आयोजना प्राथमिकताका साथ सञ्चालन गरिन्छ। साथै नगरपालिकालाई खाल्डो मुक्त नगर बनाउन प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ ।

२०.नगरपालिका भित्र भएका कम लागत र उच्च प्रतिफल दिने प्रतिस्पर्धात्मक क्षेत्रको पहिचान गरी लगानीको सुनिश्चिततिताका लागि **Idea Bank** को स्थापना गरी सम्भाव्यताअध्ययन जस्ता कार्यक्रममा जोड दिनेछ|

२१.प्रदेश सरकारसंग सहकार्यमा विपन्न बस्तिहरुमा जनता आवास कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिईनेछ|

**(च) वन, वातावरण तथा विपद् व्यवस्थापन**

१.पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष ध्यान दिइनेछ । नदी कटान,भूक्षय तथा डुवान नियन्त्रणको लागि संघ, प्रदेश र अन्य सरोकारवालाहरु संग समन्वय गर्दै कार्य अघि बढाईनेछ ।

२.कोभिड–१९ (कारोना) ले निम्त्याएको विपद् र अन्य प्राकृतिक विपदाका परिस्थितिलाई सम्बोधन गर्न स्थापित विपद् व्यवस्थापन कोषमा अनुदान बढाउन सहयोगीहरुलाई आह्वान गरिनेछ । यस कोषेको रकम स्वीकृत मापदण्ड बमोजिम विपद परेकाकाहरुलाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ ।

३.जलाधार क्षेत्रको दिगो संरक्षण गरी विपद् जोखिम न्यूनीकरण गर्ने आवश्यक पूर्वाधार तयार गरिने छ ।

४.नगर क्षेत्रभित्र रहेका सम्पूर्ण नदिजन्य पदार्थहरुको उत्खनन विस्तृत अध्ययन प्रतिवेदनको आधारमा गर्ने व्यवस्था मिलाइनेछ ।

५.प्रत्येक नगरबासीलाई नगरको वातावरण स्वच्छ एवं हरियाली राख्नका लागि वृक्षारोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

६.वातावरणीय सन्तुलनलाई दिगो बनाउन नगर क्षेत्रभित्र प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७.खेलकुद, सामाजिक विकास, फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, विपद् व्यवस्थापनका क्षेत्रमा युवा परिचालनको व्यवस्था मिलाउने गरी कार्यक्रम सञ्चालन गरीनेछ ।

८.विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण गर्नको लागि आवश्यक सामग्री व्यवस्था गरिनेछ|

(छ) न्यायिक समिति

१.ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो भन्ने कथनलाई मध्यनजर गर्दै न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुमा आपसी मेलमिलाप र समझदारीको माध्यमबाट समयमै विवाद समाधान गरिने छ |

२.न्यायिक समितिलाई थप ब्यवास्थित र समय सापेक्ष परिस्कृत गर्दै लगिने छ |

३.घरेलु तथा महिला हिंसामा परेका आर्थिक अवस्था कमजोर भएका पिडितलाई न्यायिक समितिले अवस्था हेरी आर्थिक सहयोग गर्न मनासिव देखेमा नियमानुसार सोको ब्यावस्था गर्न सकिने छ |

(ज) <u>राजश्व प्रशासन</u>

१.नगरवासीलाई कर तिर्नु बोझ नभई नागरिकको दायित्व र कर्तव्य हो भन्ने कुराको बोध गराइनेछ । प्रगतिशील कर प्रणालीको अवलम्बन गरी राजश्व प्रशासनको क्षमता अभिबृद्धि गर्दै सबै क्षेत्रबाट असूल हुने राजश्वलाई विद्युतीय प्रणाली मार्फत व्यवस्थापन गरिनेछ ।

२.सबै वडा कार्यालयलाई सूचना प्रविधिमा आधारित छिटो छरितो, सेवामुखी र करदाता मैत्री बनाइनेछ ।

३.सम्पत्ति करलाई आन्तरिक आयको मूलश्रोतको रुपमा विकास गरिनेछ ।

४.सबै किसिमका व्यवसायलाई अनिवार्य रुपमा कर प्रणालीमा आवद्ध गरी राजश्व बढाउने नयाँ श्रोत पहिचान मार्फत आन्तरिक आय बढाउने नीति लिइनेछ ।

५.नगरपालिकाको सर्वाङ्गिण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम दायरा फराकिलो बनाउने नीति अबलम्बन गरिनेछ ।

६.सबै प्रकारका खर्चको विवरण वेवसाइट मार्फत सर्बजनिकीकारण गरिनेछ ।

**आदरणीय नगर सभाका सदस्य ज्यूहरु :**

कृष्णनगर नगर सरकारको तर्फबाट मैले चालु आर्थिक वर्षमा प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउँदै, आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि समृद्ध नगरः खुसी नगरबासीको आकांक्षा पूरा गर्ने अभिलाषाका साथ आर्थिक वर्ष २०७९/२०८० को नींति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला स्थापित हुनेछ ।आर्थिक पारदर्शिता र सुशासनको प्रत्याभूति हुनेछ । स्थानीय सरकारका तर्फबाट प्रदान गरिने सेवाको गुणस्तर वृद्धि भई परिवर्तनको प्रत्यभूति हुनेछ ।

विश्वव्यापी महामारी कोभिड १९ (कोरोना) ले निम्त्याउन सक्ने थप प्रतिकूलता विरुद्ध लड्न नगर सरकार सदैव तत्पर रहनेछ ।

## आ व. २०७९।०८० को अनुमानित आय व्यय(बजेट)को विवरण

## कृष्णनगर नगरपालिका, कपिलवस्तु

| आ.व. : २०७९/०८० आय अनुमान | | |
|---|---|---|
| सि.नं. | शीर्षक | आ.व. २०७९/०८० को अनुमान |
| क | आन्तरिक श्रोत | |
| 1 | ११३१३ एकीकृत सम्पती कर | 2000000 |
| 2 | ११३१४ भुमिकर/मालपोत | 100000 |
| 3 | ११३२१ घरवहाल कर | 1000000 |
| 4 | ११६११ व्यवसायले भुक्तानी गर्ने | 2000000 |
| 5 | १४२४२ नक्सापास दस्तुर | 900000 |
| 6 | १४२४३ सिफारिश दस्तुर | 6500000 |
| 7 | १४२४९ अन्य दस्तुर-भारतिय सवारी बेरियर सेवा शुल्क | 10000000 |
| 8 | ३२१२२ बैंक मौज्दात | 25000000 |
| ख | राजस्व बाँडफाँडबाट प्राप्त रकम | |
| 1 | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | 132141000 |
| 2 | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | 14294000 |
| 3 | १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | 2500000 |
| ग | अन्य आय | |
| 1 | १४५२९ अन्य राजस्व जि.स.स. | 30000000 |

| आ.व. : २०७९/०८० व्यय अनुमान | | |
|---|---|---|
| सि.नं. | शीर्षक | आ.व. २०७९/०८० को अनुमान |
| क | आन्तरिक श्रोत | |
| 1 | ११३१३ एकीकृत सम्पती कर | 2000000.00 |
| 2 | ११३१४ भुमिकर/मालपोत | 100000.00 |
| 3 | ११३२१ घरवहाल कर | 1000000.00 |
| 4 | ११६११ व्यवसायले भुक्तानी गर्ने | 2000000.00 |
| 5 | १४२४२ नक्सापास दस्तुर | 900000.00 |
| 6 | १४२४३ सिफारिश दस्तुर | 6500000.00 |
| 7 | १४२४९ अन्य दस्तुर-भारतिय सवारी बेरियर सेवा शुल्क | 10000000.00 |
| 8 | ३२१२२ बैंक मौज्दात | 25000000.00 |
| ख | राजस्व बाँडफाँडबाट प्राप्त रकम | |
| 1 | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | 132141000.00 |
| 2 | ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | 0.00 |
| 3 | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | 14294000.00 |
| 4 | १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | 2500000.00 |
| ग | अन्य आय | 30000000.00 |

| | | |
|---|---|---|
| घ | संघीय सरकार | |
| 1 | १३३११ समानिकरण अनुदान | 182200000 |
| 2 | १३३१२ शसर्त अनुदान चालु | 249900000 |
| 3 | १३३१३ शसर्त अनुदान पुँजीगत | 32400000 |
| 4 | १३३१५ विषेश अनुदान पुँजीगत | 14000000 |
| 5 | १३३१७ समपुरक अनुदान पुँजीगत | 10000000 |
| ङ् | प्रदेश सरकार | |
| 1 | १३३११ समानिकरण अनुदान | 10310000 |
| 2 | १३३१२ शसर्त अनुदान चालु | 11000000 |
| 3 | १३३१४ विषेश अनुदान चालु | 7000000 |
| 4 | १३३१७ समपुरक अनुदान पुँजीगत | 20000000 |
| च | कार्य सन्चालन कोष | |
| | जम्मा | 763245000 |

| | | |
|---|---|---|
| 1 | १४५२९ अन्य राजस्व जि.स.स. | 30000000.00 |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| घ | संघीय सरकार | **488500000.00** |
| 1 | १३३११ समानिकरण अनुदान | 182200000.00 |
| 2 | १३३१२ शसर्त अनुदान चालु | 249900000.00 |
| 3 | १३३१३ शसर्त अनुदान पुँजीगत | 32400000.00 |
| 4 | १३३१५ विषेश अनुदान पुँजीगत | 14000000.00 |
| 5 | १३३१७ समपुरक अनुदान पुँजीगत | 10000000.00 |
| ङ् | प्रदेश सरकार | 48310000.00 |
| 1 | १३३११ समानिकरण अनुदान | 10310000.00 |
| 2 | १३३१२ शसर्त अनुदान चालु | 11000000.00 |
| 3 | १३३१४ विषेश अनुदान चालु | 7000000.00 |
| 4 | १३३१७ समपुरक अनुदान पुँजीगत | 20000000.00 |
| च | कार्य सन्चालन कोष | **0.00** |
| | जम्मा | **76245000** |

यो नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट सहयोग र योगदान हुनेछ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रतिनिधि ज्यूहरु र राष्ट सेवक कर्मचारी, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, बुद्धिजिवी, सुरक्षा निकाय,सञ्चार जगत,दातृ निकाय र नगरबासीहरु लगाएतका सबै सरोकारवालाहरु प्रति विषेश धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

रजत प्रताप शाह

नगर प्रमुख

कृष्णनगर नगरपालिका

कपिलवस्तु